नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

फोन नं. ४०३०५४६, ४०३०५१८
फ्याक्सः ४०३०६४२

पत्र सं.:- १-१-७४/७५
च.नं. १७१ देखि २३० सम्म

मिति :- २०७४।४।२२

विषय : खरिद सम्बन्धी कानूनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ अनुकुल संशोधन सम्बन्धमा ।

प्रिय सहकारी ज्यू,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ (२) ले "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि दफा (२) को खण्ड (ख) को उपखण्ड (२) बमोजिमका सार्वजनिक निकायका खरिद सम्बन्धी कानूनी व्यवस्था यस ऐन अनुकुल भएको नदेखिएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले यो ऐन अनुकुल हुने गरी संशोधन गर्न सम्बन्धित सार्वजनिक निकायलाई लेखी पठाउनु पर्नेछ ।" भन्ने व्यवस्था भए अनुसार यस कार्यालयबाट पटक पटक सो सम्बन्धमा पत्राचार भई अनुरोध गर्दा पनि कतिपय यस्ता सार्वजनिक संस्थानहरूबाट खरिद ऐन अनुकुल आफ्ना नियमहरू तर्जुमा गरेको पाइएन । अतः महोदयको मन्त्रालयसँग सम्बन्धित उक्त खरिद ऐनको दफा (२) (ख) (२) बमोजिमका सार्वजनिक संस्थाहरूलाई ऐन अनुसार गर्नको लागि निर्देशन हुन अनुरोध गर्दछु ।

(विनोद के.सी.)
सचिव

श्री सचिव
सम्पूर्ण मन्त्रालय / निकाय

सादर अवगतार्थः
माननीय महालेखा परीक्षकज्यू,
महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिहदरबार, काठमाण्डौं ।